# धार्चे गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

माछीखोला, गोरखा

पत्र संख्या :- २०७९।०८०
चलानी नं. :-

गण्डकी प्रदेश, नेपाल।
मितिः२०७९/१०/२५

**विषयः न्युनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारे सूचना ।**

रोजगारीको हक सम्बन्धि ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धि नियमावली, २०७५ को दफा ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ को दफा १८ बमोजिम आगामी आ.व.२०८०/०८१ मा रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० (एक सय) दिन बराबरको न्युनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणको काममा योगदान गर्न ईच्छुक बेरोजगार व्यक्तिहरुले यहि २०७९ फाल्गुण मसान्त सम्ममा आफुले स्थायी बसोबास गरिरहेको यस गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई बेरोजगार व्यक्तिको सूचीमा सुचीकृत हुनका लागि निवेदन दिनुहुन अनुरोध गरिन्छ ।अनुसुचि (१) निवेदनको ढाँचा रोजगार सेवा केन्द्रमा उपलब्ध हुने भएको हुदाँ फाल्गुण मसान्त सम्ममा सम्बन्धित वडा कार्यालयहरुले लिई सक्नु हुन अनुरोध गरिन्छ ।

साथै सम्वन्धित वडा कार्यालयले अगामी आ.व.२०८०/०८१ मा संचालन गरिने आयोजनाको फाल्गुण र चैत मसान्त भित्र विपन्न बेरोजगार व्यक्ति, लक्षित, सामाजिक र आर्थिक उन्नतिमा सघाउ पुऱ्याउने गरि तहाँ वडा भेलाको बैठकको निर्णयबाट प्रत्येक वडाहरुले ३ (तीन) वटा योजना छनोट कार्य गर्न गराउनु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

न्युनतम रोजगारीमा संलग्न हुनका लागि आवश्यक मापदण्ड

१. निवेदक चालु आ.व. मा न्युनतम १०० दिनको रोजगारीमा संलग्न नरहेको ।
२. निवेदक १८ बर्ष पुरा भई ५९ वर्ष उमेर ननाघेको ।
३. नेपाल सरकारले तोकेको न्युनतम पारिश्रमिक रु.५७,७००.००(अक्षरुपीः सन्ताउन्न हजार सात सय) मात्र भन्दा कम बार्षिक आय भएको परिवार ।
४. परिवारको सबै सदस्यको नागरिकता/जन्म दर्ताको प्रतिलिपी ।
५. हालसालै खिचेको पासपोर्ट साईजको फोटो १ थान ।
६. सम्बन्धित वडाको स्थायी बासिन्दा/अन्यत्र बाट बसाईसराईको हकमा बसाईसराई प्रमाण पत्र भएको ।
७. बैदेशिक रोजगारबाट फर्किएको वा श्रम स्वीकृत लिई बैदेशिक रोजगारीमा जान नपाएको ।
८. पूर्ण बिबरण सहित रीतपूर्वक निवेदन दिई कार्यक्रममा सहभागी हुन ईच्छुक भएको ।
९. गत आ.व. मा निवेदन दिई सुचिकृत भएको तर न्युनतम् १०० दिनको रोजगारीमा समावेस हुन नपाएको व्यक्ति ।

# धार्चे गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

माछीखोला, गोरखा

गण्डकी प्रदेश, नेपाल।

पत्र संख्या :- २०७९।०८०

चलानी नं. :-

मितिः२०७९/१०/२५

---

बेरोजगार व्यक्ति छनोट प्रक्रियाको प्राथमिकताक्रम निर्धारणका आधार

१. कृषि उत्पादनले कम्तिमा ३ महिना खान नपुग्ने ।

२. बसोबासको लागि आफ्नै घर नभएको ।

३. जेष्ठ नागरिक, अपाङ्गता (फरक क्षमता) भएको व्यक्ति, एकल महिला घरमुली भएको परिवार ।

४. दलित, अल्पसंख्यक वा लोपन्मुख समुदायको परिवार ।

५. कोही पनि सदस्य रोजगारीमा समावेस नरहेको वा सामाजिक सुरक्षा भत्ता लगायत सरकारी कोषबाट सुविधा नलिएको परिवार ।

६. सहिद तथा वेपत्ता पारिएको परिवार ।

७. महिला बेरोजगार व्यक्ति ।

८. वैदेशिक रोजगारबाट फर्किएको वा श्रम स्वीकृत लिई वैदेशिक रोजगारीमा जान नपाएका व्यक्ति ।

थप जानकारीका लागि रोजगार सेवा केन्द्रमा सम्पर्क (९८४९१४८२४८/ ९८४६७२७५७०) राख्न सकिने छ ।

.............................

रुल बहादुर आले

नि. प्रमुख प्रशासकीय अधिकृत

---

वेबसाइट :- www.dharchemun.gov.np इ-मेल :- rmdharche@gmail.com

" सुन्दर, सुरक्षित, समृद्ध धार्चे "

CamScanner